गण्डकी प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

# प्रदेश लेखा नियन्त्रक कार्यालय

पोखरा, नेपाल

पत्र संख्याः- २०७९।८०

चलानी नं :- ४३९

मितिः- २०८०।०३।०३

विषयः- आ.व. २०७९/८० को फाँटवारी भिडान, खातावन्दी तथा आन्तरिक लेखापरीक्षण सम्बन्धमा ।

श्री ...............................................................

गण्डकी प्रदेश, पोखरा ।

प्रस्तुत विषयमा आर्थिक वर्ष समाप्तिको मिति नजिकिदैं गएकोले निकासा, फाँटवारी भिडान, खातावन्दी तथा आन्तरिक लेखापरीक्षण लगाएतका विषयमा निम्नानुसार गर्नुहुन अनुरोध छ ।

१. **प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम २७ मा विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको खर्च शीर्षकको हकमा बाहेक अन्य बजेट शीर्षक अन्तर्गत पर्ने भुक्तानी दिनु पर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाडी भुक्तानी दिई लेखा अद्यावधिक गरि भुक्तानी निकासा बन्द गर्नु पर्नेछ** भन्ने स्पष्ट व्यवस्था गरिएकोले **मिति** २०८०/०३/२४ गते खातावन्दी हुनेछ ।

२. जेष्ठ महिनासम्मको विनियोजन, राजस्व, धरौटी र कार्यसञ्चालन कोष (विविध) तर्फको मासिक फाँटवारी यथासिघ्र भिडान गरि हिसाव मिलान गर्नुहुन ।

३. कार्यसम्पन्न भैसकेको अवस्थामा समयमै भुक्तानीको व्यवस्था मिलाई असार महिनाको पछिल्लो हप्तामा पर्न जाने भुक्तानीको चापलाई न्युन गर्नुहुन ।

४. CGAS+ को प्रतिवेदनमा कुनै कारोवार Reject भएमा तुरुन्त रिफण्डको लागि अनुरोध गर्नुहुन ।

५. भुक्तानी कार्यमा कर लगाएत अन्य Utility Payment वाहेक अन्य सवै भुक्तानी अनिवार्य रुपमा EFT गर्नुहुन ।उक्त भुक्तानी Reject हुने सम्भावना लाई न्युन गर्नको लागि समयमै भुक्तानी हुने व्यवस्था मिलाउनुका साथै खाता नं., नाम लगाएतका विवरण दुरुस्त पेश गर्नुहुन ।

६. चेक सटहीको म्याद १५ दिन मात्र हुने भएकोले कर लगायतका Utility Payment को लागि अनुरोध गरिएका चेक समयमै बुझि सटहीको व्यवस्था मिलाउनु हुन ।

७. कार्यालयहरुले पठाएको भुक्तानी आदेश अनुसार काम भए/नभएको सम्बन्धित लेखा प्रमुखले एकिन गर्नुपर्ने यदि नभएको भए यस कार्यालयमा सम्पर्क राखि काम गराउनुहुन, अन्यथा काम छुट हुन गएमा सम्बन्धित कार्यालयले नै आवश्यक जिम्मेवारी लिनुहुन ।

प्रदेश लेखा नियन्त्रक